# जिल्ला खेलकुद विकास समितिको कार्यालय मार्फत विविध खेलकुद क्रियाकलाप सञ्चालन अनुदान कार्यविधि, २०८२

बागमती प्रदेश सरकार

युवा तथा खेलकुद मन्त्रालय

## प्रदेश खेलकुद विकास परिषद्,

बागमती प्रदेश, हेटौडा ।

# जिल्ला खेलकुद विकास समितिको कार्यालय मार्फत विविध खेलकुद क्रियाकलाप सञ्चालन अनुदान कार्यविधि, २०८२

प्रस्तावनाः

प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेशको आ.व. २०८२/८३ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत "जिल्ला खेलकुद विकास समितिको कार्यालय मार्फत विविध खेलकुद क्रियाकलाप (तालिम, प्रतियोगिता, सहभागिता, सम्मान सञ्चालन अनुदान समेत") शीर्षकमा विनियोजित बजेट मितव्ययी, पारदर्शी, प्रभावकारी र सरल रुपमा कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

प्रदेश विनियोजन ऐन, २०८२ को दफा (११) को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाइएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **सक्षिप्त नाम र प्रारम्भः**- (१) यस कार्यविधिको नाम "जिल्ला खेलकुद विकास समितिको कार्यालय मार्फत विविध खेलकुद क्रियाकलाप सञ्चालन अनुदान कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएपछि लागू हुनेछ।

२. **परिभाषाः**- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "मन्त्रालय" भन्नाले खेलकुद विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ख) "परिषद्" भन्नाले प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेश सम्झनु पर्छ।

(ग) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले बागमती प्रदेश अन्तर्गत रहेका तेह्र जिल्लाका जिल्ला खेलकुद विकास समिति सम्झनु पर्छ।

(ङ) "प्रतियोगिता" भन्नाले प्रदेश खेलुकद विकास नियमावली, २०७६ मा प्राथमिकतामा परेका खेलका प्रतिस्पर्धा, लगायत अन्य सबै किसिमका खेलका प्रतिस्पर्धा सम्झनु पर्छ।

(च) "प्रशिक्षण" भन्नाले खेलाडीलाई दिईने प्रशिक्षण कार्य सम्झनु पर्छ।

(छ) "खेल सामग्री" भन्नाले प्रशिक्षण तथा प्रतियोगितामा प्रयोग गरिने सम्पूर्ण खेल सामग्री सम्झनु पर्छ।

(ज) "छनौट तथा सिफारिस समिति" भन्नाले दफा ४ बमोजिम गठित समिति सम्झनुपर्छ।

## परिच्छेद-२

## उद्देश्य

३. उद्देश्यः- यो कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछन:-

(क) खेल संस्कृतिको जिल्लास्तरबाटै विकास गर्न विभिन्न खेलकुद गतिविधि सञ्चालन गर्नु,

(ख) जिल्लाभित्रका खेल प्रतिभाहरुको पहिचान र खेल प्रतिस्पर्धाका अवसरको सृजना गर्नु,

(ग) जिल्लाको प्रतिनिधित्व गरी विभिन्न राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी गराई पदक प्राप्त खेलाडीको सम्मान तथा प्रोत्साहन गर्नु,

(घ) विभिन्न खेलकुदको तालिम प्रशिक्षण गरी खेलाडी तथा रेफ्रीलाई विभिन्न खेलहरुका नयाँ अध्यावधिक नियमहरु बारेमा जानकारी गराउनु,

(ङ) जिल्लाबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी भई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय किर्तिमान कायम गर्ने खेलाडीलाई प्रोत्साहन तथा सम्मान गर्नु,

## परिच्छेद-३

## छनोट तथा सिफारिस समितिको गठन, काम, कर्तव्य र अधिकार

४. **छनोट तथा सिफारिस समितिको गठनः-** यस परिषद्बाट प्रदान गरिने जिल्ला खेलकुद विकास समितिको कार्यालय मार्फत विविध खेलकुद क्रियाकलाप सञ्चालन, वितरण, एकिन, छनोट तथा सिफारिस गर्न देहाय बमोजिमको एक छनोट तथा सिफारिस समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | परिषद्को कार्यालय प्रमुख | - संयोजक |
| (ख) | युवा तथा खेलकुद हेर्ने मन्त्रालयको प्रतिनिधि | - सदस्य |
| (ग) | परिषद्को तालिम, प्रतियोगिता तथा खेलकुद शाखा प्रमुख | - सदस्य |
| (घ) | परिषद्को आर्थिक शाखा, प्रमुख | - सदस्य |
| (ङ) | परिषद्को प्रशासन शाखा, प्रमुख | - सदस्य सचिव |

५. **समितिको काम, कर्तव्य र अधिकारः-** दफा (४) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) जिल्ला खेलकुद विकास समितिमार्फत विविध गतिविधि संचालनको माग संकलन गरी सिफारिस गर्ने,

(ख) जिल्ला खेलकुद विकास समितिमार्फत विविध गतिविधि संचालनको न्युनतम शर्त तथा आधार तय गर्ने,

(ग) जिल्ला खेलकुद विकास समितिमार्फत विविध खेलकुद गतिविधि सञ्चालन मार्फत जनस्तरमा खेल संस्कृतिको विकास गर्न प्रोत्साहन गर्ने,

(घ) जिल्ला खेलकुद विकास समितिमार्फत विविध खेलकुद गतिविधिहरु संचालनको प्रतिवेदन तयार गर्न लगाई परिषद्मा पेश गर्न लगाउने आदि।

६. **समितिको बैठक सम्बन्धी ब्यवस्था:-**

(१) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको बैठक संयोजकको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ।

(३) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ।

(४) समितिको बैठकको सेवा सुविधा नियमानुसार हुनेछन्।

## परिच्छेद-४

## खेलकुद क्रियाकलाप सञ्चालन सम्बन्धी व्यवस्था

७. **विविध खेलकुद क्रियाकलाप सञ्चालन सम्बन्धी ब्यवस्था:-** (१) जिल्ला खेलकुद विकास समितिको कार्यालय मार्फत विविध खेलकुद क्रियाकलाप सञ्चालन, खेल प्रतिभाहरुको पहिचान र प्रोत्साहन कार्य देहाय बमोजिम हुनेछः-

(क) जिल्ला खेलकुद विकास समिति मार्फत सञ्चालन गरिने कार्यक्रमको प्रस्ताव सहितको माग संकलन गर्ने।

(ख) जिल्ला खेलकुद विकास समिति मार्फत विभिन्न खेलकुद गतिविधिको आवश्यकता तथा औचित्यका आधारमा कार्यक्रम सञ्चालनको अनुदान सिफारिस प्रक्रिया अगाडि बढाउने,

(ग) जिल्ला खेलकुद विकास समितिले प्रदेश खेलकुद विकास नियमावली, २०७६ मा उल्लेखित खेलकुद क्रियाकलापलाई प्राथमिकतामा राखी कार्यक्रम संचालन गर्ने।

(घ) अनुदान रकमको मितव्ययीता, प्रभावकारिता तथा कार्यक्रमको औचित्यताको आधारमा रकम यकिन तथा सिफारिस गर्ने।

## परिच्छेद-५

## जिल्ला खेलकुद विकास समितिको कार्यालय मार्फत विविध खेलकुद क्रियाकलाप सञ्चालन अनुदान रकम खर्च सम्बन्धी व्यवस्था

८. अनुदान रकम खर्च सम्बन्धी व्यवस्थाः (१) जिल्ला खेलकुद विकास समितिको कार्यालय मार्फत विविध खेलकुद क्रियाकलाप सञ्चालन अनुदान रकम खर्च सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) प्रचलित प्रदेशको सार्वजनिक खर्चको मापदण्ड, २०७८ को अधिनमा रहि खर्च लेख्ने।

(ख) जिल्ला खेलकुद विकास समितिले परिषद्बाट वितरण गरिएको अनुदान रकमको लेखा राखी लेखापरीक्षण गराई आ.व. समाप्तिको ३५ (पैतीस) दिनभित्र परिषद्मा प्रतिवेदन सहित पेश गर्नुपर्ने।

(ग) अनुदान रकम मितव्ययी तरिकाले खर्च गर्नुपर्ने साथै खरिद गरिने सामग्री सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गर्नुपर्ने र जिन्सी श्रेस्ता प्रणाली अनुसार श्रेस्ता राख्नुपर्ने।

(घ) जिल्ला खेलकुद विकास समितिले गत विगतका प्रतियोगितामा उत्कृष्ट प्रदर्शन तथा पदक प्राप्त खेल र खेलाडीलाई प्राथमिकता दिई खेलकुद क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ।

(ङ) छनोट तथा सिफारिस समितिले सिफारिस गरेको जिल्ला अनुदान रकम एकमुष्ट जिल्ला खेलकुद विकास समितिमा उपलब्ध गराउने छ। जिल्ला खेलकुद विकास समितिले कार्यक्रमको प्रस्ताव तथा लागत अनुमान पेश भएको हुनुपर्नेछ। अनुदान रकमको सम्बन्धित जिल्ला खेलकुद विकास समितिले खर्च रकममा नियमानुसार करकट्टी गरी भुक्तानी उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद-६

## विविध

९. **प्रचलित कानुन बमोजिम हुनेः** (१) यस कार्यविधिमा उल्लेखित प्रावधान यस कार्यविधि बमोजिम हुने र अन्य प्रावधान प्रचलित कानुन बोमोजिम हुनेछ।

(२) यस कार्यविधिमा उल्लेखित प्रावधान प्रचलित कानूनसँग बाझिएको हदसम्म प्रचलित कानून बमोजिम र अन्य प्रावधानको हकमा यस कार्यविधि बमोजिम हुनेछ।

१०. **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

११. **कार्यविधिमा संशोधनः** यस कार्यविधिको कुनै दफा वा उपदफामा उल्लेखित कुनै प्रावधान संशोधन गर्न परेमा आर्थिक दायित्व पर्ने विषय भए आर्थिक मामिला तथा योजना मन्त्रालयको राय सहमति लिई र अन्य विषयमा परिषद्को सिफारिसमा मन्त्रालयले गर्नेछ।

बलराम ढकाल

माननीय उर्मिला नेपाल
मन्त्री

## अनुसूची

मितिः ..........................

श्रीमान् सदस्य-सचिवज्यू
प्रदेश खेलकुद विकास परिषद्
बागमती प्रदेश, हेटौंडा।

विषयः अनुदान रकम सम्बन्धमा ।

"जिल्ला खेलकुद विकास समितिको कार्यालय मार्फत विविध खेलकुद क्रियाकलाप सञ्चालन अनुदान कार्यविधि २०८१" बमोजिम तपसिलमा उल्लेख भए बमोजिमको खेलकुद तालिम/प्रतियोगिता/सहभागिता र सम्मानका लागि यसै साथ संलग्न प्रस्तावना पत्र बमोजिम कार्यक्रम गर्नुपर्ने भएकोले आवश्यक रकम अनुदान स्वरूप उपलव्ध गराइदिनुहुन अनुरोध गर्दछु।

<u>तपसिलः</u>

जिल्ला खेलकुद विकास समितिको पुरा नामः
कार्यक्रम/ प्रतियोगिताको नामः
अनुदान आवश्यकताको कारणः
कार्यक्रम संचालनको समयावधिः

निवेदन साथ संलग्न कागजातहरूः

१. कार्यक्रमको प्रस्ताव र प्रमाणित लागत अनुमानको विस्तृत विवरण
२. लागतमा जिल्ला खेलकुद विकास समिति समेतको साझेदारी
३. लेखापरीक्षण प्रतिवेदन (पछिल्लो आ.व को)

<u>निवेदक</u>

<u>जिल्ला अध्यक्ष</u>
नाम,थरः
जिल्ला खेलकुद विकास समिति .........
हस्ताक्षरः ..................

<u>कार्यालय प्रमुख</u>
नाम,थरः
जिल्ला खेलकुद विकास समिति .......
हस्ताक्षरः ..................

बलराम ढकाल
प्रदेश समिति

माननीय उर्मिला नेपाल
मन्त्री
युवा तथा खेलकुद मन्त्रालय
बागमती प्रदेश